काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २५४ ❐ शुक्रवार, १२ असार, २०८३ ❐ Friday, 26 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

१ हजार ३६ जना लागूऔषध कारोबारमा संलग्न पक्राउ

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ११ असार

नेपाल प्रहरीले गत जेठ महिनामा देशभरबाट एक हजार ३६ जना लागूऔषध कारोबारमा संलग्नलाई पक्राउ गरेको छ।

प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार, उपत्यकाबाट १६९, कोशी प्रदेशबाट २१२, मधेस प्रदेशबाट ७३, बागमती प्रदेशबाट १३७, गण्डकी प्रदेशबाट ४६, लुम्बिनी प्रदेशबाट १८२, कर्णाली प्रदेशबाट ५२, सुदूरपश्चिम प्रदेशबाट ११५ तथा लागूऔषध नियन्त्रण ब्यूरोले ५० जना पक्राउ गरेको हो। सो अवधिमा प्रहरीले ठूलो मात्रामा अवैध लागूऔषध बरामद गरेको छ। लागूऔषध कारोबारलगायतका आपराधिक गतिविधिमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउन प्रहरीले प्रभावकारी रूपमा कदम चाल्दै आएको छ। यस्तै, प्रहरीले गत जेठ महिनामा देशभरबाट विभिन्न मुद्दाका दुई हजार १८२ फरार प्रतिवादीलाई पक्राउ गरेको छ। केन्द्रीय अनुसन्धान ब्यूरोले १७, काठमाडौं उपत्यका प्रहरी कार्यालयले ३२६, कोशी प्रदेशबाट ३०५, मधेस प्रदेशबाट ५३९, बागमती प्रदेशबाट ३६०, गण्डकी प्रदेशबाट १३२, लुम्बिनी प्रदेशबाट ३२०, कर्णाली प्रदेशबाट ६३ तथा सुदूरपश्चिम प्रदेशबाट १२० जना पक्राउ परेका थिए।

कर्तव्य ज्यान, लागूऔषध, जबरजस्ती करणी, बैङ्किङ कसुर, ठगीलगायतका मुद्दामा फैसला ठहर भई फरार रहेका प्रतिवादी पक्राउ गर्न प्रहरीले विशेष अभियान सञ्चालन गर्दै आएको जनाएको छ।

पाँच हेक्टर क्षेत्रफलमा व्यवसाय गर्ने उद्यमीलाई शतप्रतिशत सहुलियत

किवी, ड्रागनफ्रुट, एभोकाडो र हलुवाबेद जस्ता नयाँ फलफूल प्रवर्द्धनका लागि

१९ करोड २२ लाख ५२ हजार रुपैयाँ विनियोजन

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ११ असार

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ मा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धी गर्न कृषि कर्जामा ब्याज सहुलियत कार्यक्रम सञ्चालन गर्ने भएको छ।

सरकारले नीति तथा कार्यक्रम र बजेटमार्फत पाँच हेक्टरभन्दा बढी क्षेत्रफलमा कृषि व्यवसाय सञ्चालन गर्ने उद्यमीलाई कृषि कर्जाको ब्याजमा शतप्रतिशत सहुलियत प्रदान गर्ने व्यवस्था गरेको छ। यस्तै पाँच हेक्टरभन्दा कम क्षेत्रफलमा कृषि उत्पादन गर्ने कृषक, समूह, सहकारी तथा फर्मलाई व्यावसायिक खेती तथा पशुपालनका लागि प्रवाह हुने कृषि कर्जाको ब्याजमा पनि सहुलियत उपलब्ध गराइने भएको छ।

कृषि क्षेत्रमा लगानी विस्तार गर्दै उत्पादन र उत्पादकत्व वृद्धी गर्ने उद्देश्यले ल्याइएको उक्त कार्यक्रमका लागि प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ७ करोड ६२ लाख ८० हजार रुपैयाँ बजेट विनियोजन गरेको हो। कृषि आधुनिकीकरणदेखि स्याउ प्रवर्द्धनसम्म, कर्णालीले कृषिमा करोडौंको योजना अघि बढाएको छ। कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण तथा उत्पादन वृद्धी गर्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालनका लागि ठूलो बजेट विनियोजन गरेको हो।



कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण तथा उत्पादन लागत न्यूनीकरण गर्दै व्यावसायीकरणलाई टेवा पुऱ्याउन कृषि यान्त्रिकीकरण कार्यक्रमलाई निरन्तरता दिइने भएको
छ। यस कार्यक्रमका लागि प्रदेश सरकारले एक करोड ९६ लाख रुपैयाँ बजेट विनियोजन गरेको जनाएको छ।

प्रदेशमा उत्पादन भई निर्यातको उच्च सम्भावना रहेको स्याउ खेतीको विस्तार तथा प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ। 'एक गाउँ, एक व्यावसायिक फलफूल बगैंचा' कार्यक्रमलाई निरन्तरता दिँदै उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास, स्याउ तथा ओखर बगैंचा विस्तार गर्ने योजना छ। साथै किवी, ड्रागनफ्रुट, एभोकाडो र हलुवाबेद जस्ता नयाँ फलफूल प्रवर्द्धनका लागि १९ करोड २२ लाख ५२ हजार रुपैयाँ विनियोजन गरिएको छ।

प्रदेश सरकारका प्रवक्ता तथा कृषि मन्त्री विनोद कुमार शाहका अनुसार प्रदेशको भौगोलिक तथा जलवायु अनुकूलताका आधारमा सुर्खेत र मुगुमा कपास खेती प्रवर्द्धन तथा व्यावसायीकरण गरिने छ। साथै सम्भावित जिल्लामा कृषि तथा पशुपन्छी स्रोत केन्द्र स्थापना गर्न सात करोड १५ लाख रुपैयाँ बजेट छुट्याइएको उनले बताए।

'गरिब, सीमान्तकृत, भूमिहीन, विपन्न, दलित तथा लक्षित वर्गका लागि खाद्य तथा पोषण सुरक्षा केन्द्रित जीविकोपार्जन कार्यक्रम प्राथमिकतामा छन्' उनले भने, 'यस्ता कार्यक्रमका लागि चार करोड ८० लाख रुपैयाँ विनियोजन गरिएको छ।' उनका अनुसार कृषि क्षेत्रमा युवाको आकर्षण बढाउन माग र परियोजनामा आधारित निर्वाचन क्षेत्र विशेष युवा लक्षित कार्यक्रमका लागि नौ करोड ६० लाख रुपैयाँ बजेट व्यवस्था गरिएको छ।

कृषक र निजी क्षेत्रबीच उत्पादन तथा खरिद सम्झौतामा आधारित कृषि प्रणालीलाई प्रोत्साहन गर्दै चक्लाबन्दी तथा करार खेती विस्तार गरिने भएको छ। साना सिँचाइ कार्यक्रम विस्तार, डिजिटल कृषि सेवा प्रवर्द्धन तथा प्राकृतिक कृषिका नमूना फर्म स्थापना गर्न ३३ करोड ९५ लाख रुपैयाँ विनियोजन गरिएको छ।

पशुपालन क्षेत्रको विकासका लागि पशु नश्ल सुधार, कृत्रिम गर्भाधान, खोरेत रोग उन्मूलन, खोप अभियान, गोठ सुधार, घाँस खेती तथा साइलेज उपयोगिता विस्तारमा जोड दिँदै आठ करोड ३६ लाख ५० हजार रुपैयाँ बजेट छुट्याइएको छ। भने रैथाने बाली संरक्षण क्षेत्र निर्धारण गरी कृषकलाई प्रोत्साहन गर्ने तथा 'मूल्यवान कर्णाली, किसानको सम्पदा' लोगो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्ने योजना अघि सारिएको छ।

साथै कर्णाली हाई भ्यालु क्रप करिडोर स्थापना तथा जुम्ला, हुम्ला, कालिकोट, मुगु र डोल्पामा भेडा-च्याङ्रा क्लस्टर विकासमार्फत मासु र ऊन उत्पादन प्रवर्द्धनका लागि १२ करोड १७ लाख रुपैयाँ विनियोजन गरिएको छ। दुग्ध उत्पादन तथा बिक्री वितरणमा कृषकलाई प्रोत्साहन गर्न प्रति लिटर दूधमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिइने भएको छ।

सुर्खेत, दैलेख, सल्यान, जाजरकोट र रुकुमपश्चिममा डेरी स्थापना, कालिकोटमा रेन्बो ट्राउट माछा उत्पादन, सुर्खेतमा *बाँकी पृष्ठ २*

विपद् व्यवस्थापनका लागि सशस्त्र प्रहरीका १३४ गोताखोरसहित २१ हजार जनशक्ति तयारी अवस्थामा

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ११ असार

मनसुनजन्य प्राकृतिक विपद्को जोखिमलाई मध्यनजर गर्दै सशस्त्र प्रहरी बल, नेपालले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना' अन्तर्गत देशभर आफ्नो उपस्थिति र सक्रियता बढाएको छ।



सम्भावित बाढी, पहिरो र डुबान जस्ता जोखिम न्यूनीकरण तथा प्रभावकारी उद्धारका लागि सशस्त्र प्रहरीले विशेष रणनीति र जनशक्ति परिचालन गरेको हो। सशस्त्र प्रहरी बलले देशभरका २१ हजार ६ सय ९९ जना जनशक्तिलाई विपद् व्यवस्थापन सम्बन्धी विशेष अनुशिक्षण तालिम प्रदान गरी तयारी अवस्थामा राखेको छ। असार मसान्तसम्म संगठनका सम्पूर्ण कर्मचारीहरूलाई यस्तो तालिम दिने लक्ष्य राखिएको छ। विपद् प्रतिकार्यकै लागि देशभर ८ हजार १ सय ८० जना सशस्त्र प्रहरी कर्मचारीहरू २४ सै घण्टा 'स्ट्याण्डबाई' रहने व्यवस्था मिलाइएको सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक नारायणदत्त पौडेलले बताए। यसका साथै, विभिन्न कार्यालयहरूमा 'विपद् सम्पर्क व्यक्ति' तोकेर सरोकारवाला निकायहरूसँगको समन्वयलाई तिव्र पारिएको उनले बताए।

रणनीतिक स्थानहरूमा अस्थायी तथा स्थायी वेश स्थापना

विपद्को समयमा तत्काल उद्धार टोली पुग्न कठिन हुने दुर्गम तथा जोखिमयुक्त स्थानहरूको पहिचान गरी सातै प्रदेशका ५४ स्थानमा 'अस्थायी मनसुन प्रतिकार्य वेश' स्थापना गरिएको छ। जसअन्तर्गत कोशीमा ६, मधेसमा ११, वागमतीमा १६, गण्डकीमा *बाँकी पृष्ठ २*

कमजोर अवस्थाका विद्यार्थीलाई छात्रवृत्ति

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ११ असार

आर्थिक तथा सामाजिक रूपमा कमजोर अवस्थाका विद्यार्थीहरूको शिक्षालाई निरन्तरता दिन निजी क्षेत्रको सहकार्यमा ६ जना विद्यार्थीलाई शैक्षिक तथा आर्थिक सहयोग प्रदान गरिएको छ। पावर फर एडोसेन्स युथ प्रोजेक्ट (पिएवाईपी) को पहलमा उद्योग वाणिज्य संघ, सेभ द चिल्ड्रेन, स्याक नेपाल, मुक्तिनाथ विकास बैंक, सानिमा विकास बैंक, नमस्ते नेपाल होटल, लक्ष्मी सनराइज बैंक, न्यु प्रभात स्टेशनरी, होटल थकाली, नवदुर्गा छापाखाना, जागृति मोवाइल सेन्टर, मुना डिजाइन सेन्टर लगायत निजी क्षेत्रका संस्थाहरूको सहयोगमा बुधबार सहयोग हस्तान्तरण गरिएको हो।



कार्यक्रममा प्रोजेक्टका वरिष्ठ संयोजक प्रेम पुनले निजी क्षेत्र नाफामुखी मात्र नभई सामाजिक उत्तरदायित्वप्रति पनि प्रतिबद्ध रहेको सन्देश दिन सन् २०२५ देखि अभियान सुरु गरिएको जानकारी दिए। उनका अनुसार गत वर्ष नौ जना विद्यार्थीलाई सहयोग गरिएको थियो भने यस वर्ष ३१ जना विद्यार्थीलाई सहयोग गर्ने लक्ष्य राखिएको छ। सुर्खेत जिल्लाका कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत आर्थिक अभाव तथा अन्य विविध कारणले विद्यालय शिक्षा निरन्तरता दिन कठिनाइ भोगिरहेका विद्यार्थीलाई लक्षित गरी सहयोग कार्यक्रम सञ्चालन गरिएको पुनले बताए। हाल कक्षा ७, ९, १० र १२ मा अध्ययनरत विद्यार्थीलाई सहयोग प्रदान गरिएको र आगामी दिनमा थप विद्यालय तथा विद्यार्थीमा कार्यक्रम विस्तार गरिने उनको भनाइ छ। विद्यार्थी छनोटका लागि विद्यालय *बाँकी पृष्ठ २*

सम्पादकीय

बजेट अंकमा होइन खर्च संरचनामा सुधार


सुर्खेत जिल्लाका नौ वटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि बजेट सार्वजनिक गरेका छन् । संविधानले तोकेको समयसीमाभित्र बजेट ल्याउनु सकारात्मक पक्ष हो । बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगार, खानेपानी, पर्यटन तथा सूचना प्रविधिजस्ता क्षेत्रलाई प्राथमिकतामा राखिएको दाबी गरिएको छ । तर बजेटको वास्तविक स्वरूप हेर्दा अधिकांश स्थानीय तह अझै पनि विकासमुखी सोचभन्दा प्रशासनिक खर्चको दबाबमा रहेको स्पष्ट देखिन्छ । तर स्थानीय सरकारको सफलताको मापन बजेटको आकारले हुँदैन, त्यसको खर्च संरचनाले निर्धारण गर्छ । जनताले स्थानीय सरकारबाट अपेक्षा गर्ने भनेको सडक, सिँचाइ, खानेपानी, शिक्षा, स्वास्थ्य र उत्पादनमूलक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने योजनाहरू हुन् । तर चालु खर्च निरन्तर बढ्दै जाँदा विकास निर्माणका कार्यक्रमहरू सीमित हुने खतरा बढिरहेको छ । यस सन्दर्भमा वीरेन्द्रनगर नगरपालिकाको बजेट संरचना उदाहरणीय देखिएको छ । कुल बजेटको ६४ प्रतिशत हिस्सा पूँजीगत क्षेत्रमा विनियोजन गरेर नगरपालिकाले विकासलाई प्राथमिकतामा राखेको सन्देश दिएको छ ।

विकास निर्माणमा लगानी बढाउने यस्तो अभ्यास अन्य स्थानीय तहका लागि पनि अनुकरणीय बन्न सक्छ । अधिकांश गाउँपालिका तथा नगरपालिकाको अवस्था फरक छ । चौकुने, सिम्ता, चिङ्गाड र लेकवेशीलगायतका स्थानीय तहमा चालु खर्च पूँजीगत खर्चभन्दा निकै बढी छ । केही स्थानमा त प्रशासनिक तथा नियमित खर्च विकास बजेटभन्दा दोब्बरभन्दा बढी देखिन्छ । यसले स्थानीय सरकारको स्रोत व्यवस्थापन र विकास प्राथमिकतामाथि प्रश्न उठाउने आधार प्रदान गर्छ । कर्मचारी व्यवस्थापन, सेवा प्रवाह तथा संस्थागत सञ्चालनका लागि चालु खर्च आवश्यक हुन्छ । तर विकास निर्माणका लागि छुट्याइने बजेट निरन्तर खुम्चिँदै जाने हो भने स्थानीय तहको औचित्य र प्रभावकारितामाथि नै प्रश्न उठ्न सक्छ । संघीय शासन व्यवस्थाको मूल उद्देश्य नै नागरिकको घरदैलोमा विकास र सेवा पुऱ्याउनु हो । त्यसैले विकास बजेटलाई कमजोर बनाउने प्रवृत्तिले अपेक्षित उपलब्धि हासिल गर्न सक्दैन ।

स्थानीय तहहरूले कृषि, शिक्षा, स्वास्थ्य र रोजगारलाई प्राथमिकता दिएको दाबी गरेका छन् । अब चुनौती भनेको ती प्राथमिकताहरू कागजमा सीमित नराखी बजेट कार्यान्वयनमार्फत परिणाममा रूपान्तरण गर्नु हो । विगतका वर्षहरूमा पनि धेरै कार्यक्रमहरू घोषणा भए तर कार्यान्वयनको पक्ष कमजोर रहेको गुनासो सुनिँदै आएको छ । त्यसैले आगामी वर्षमा बजेट खर्चको गुणस्तर, पारदर्शिता र प्रभावकारितामाथि विशेष ध्यान दिन आवश्यक छ । बजेट आय-व्ययको हिसाब मात्रै होइन, त्यो स्थानीय सरकारको विकास दृष्टिकोणको दस्तावेज पनि हो । सुर्खेतका अधिकांश स्थानीय तहले अब चालु खर्च नियन्त्रण गर्दै पूँजीगत लगानी बढाउने दिशामा ध्यान दिनुपर्छ । अन्यथा बजेटमा उल्लेख गरिएका महत्वाकांक्षी लक्ष्यहरू घोषणामै सीमित रहने र विकासप्रतिको जनअपेक्षा फेरि निराशामा बदलिने जोखिम रहनेछ ।

शिक्षकको रित्तो हात बिदाइ :

राज्यको विभेदकारी ऐना



एउट छानामुनि, एउट घण्टीको आवाज र उस्त खालका बालबालिकाहरूलाई पढाउने दुईथरी शिक्षकबीचको खाडल आज हाम्रो शिक्षा प्रणालीको सबभन्दा ठूलो धब्बा बनेको छ । स्थायी शिक्षक वर्षांको सेवापछि पेन्सन, उपदान र ससम्मान बिदाइका साथ घर फर्कन्छन् । तर, त्यही विद्यालयलाई आफ्नो ऊर्जावान् जवानी सुम्पिएका अस्थायी शिक्षक र विद्यालय कर्मचारी भने उमेर हदका कारण रित्तो हात, आँसु बगाउँद बाहिरिन बाध्य छन् ।

केही शिक्षक यो पीडा भोग्द बाहिरिइसकेका छन् भने धेरजना अहिले उमेर हदको संघारमा उभिएर भोलिको अन्धकार भविष्यलाई हेर्द रुन बाध्य छन् । लामो समय विद्यालयमा श्रम र पसिना बगाएका अस्थायी शिक्षक र विद्यालय कर्मचारीहरूलाई उमेर हदका कारण रित्तो हात घर पठाउनु राज्यको चरम अन्याय र श्रम शोषणको पराकाष्ठा हो ।

कागजी सम्झाता र राज्यको उदासीनता

यो समस्या रातारात सिर्जना भएको होइन । विगत लामो समयदेखि अस्थायी शिक्षक र विद्यालय कर्मचारीले आफ्ना अधिकारका लागि पटक-पटक आन्दोलन गर्द आएका छन् । आन्दोलनको रापतापमा राज्यले मागहरू पूरा गर्ने भन्द अनेकौं सम्झाताहरू पनि गऱ्यो । तर, ती सब सम्झाता आजसम्म कागजम सीमित छन् ।

पछिल्लो समय नेपाल सरकार मन्त्रिपरिषदले गरेका ना बुँदे निर्णय समेत कार्यान्वयन नहुनु अत्यन्त खेदजनक विषय हो । राज्यले आफ्न मन्त्रिपरिषद्को निर्णयलाई रद्दीको टोकरीमा फालेर श्रमजीवी वर्गमाथि ठूलो उपहास गरेको छ ।

पछिल्लो समय नेपाल सरकार मन्त्रिपरिषदले गरेका ना बुँदे निर्णय समेत कार्यान्वयन नहुनु अत्यन्त खेदजनक विषय हो । राज्यले आफ्न मन्त्रिपरिषद्को निर्णयलाई रद्दीको टोकरीमा फालेर श्रमजीवी वर्गमाथि ठूलो उपहास गरेको छ । सम्झाता गर्ने तर कार्यान्वयन नगर्ने राज्यको यो चरित्रले हजारौं विद्यालयकर्मीहरूको भविष्यलाई अधरमा झुन्ड्याइदिएको छ ।

कर्मचारी दोषी होइनन्, पीडित हुन्

वर्षौंदेखि राज्यको फितलो र अस्थिर नीतिका कारण आफ्नो अनिश्चित भविष्य बोकेर सेवारत रहेका अस्थायी प्रकृतिका शिक्षक तथा कर्मचारीहरू कुन पनि अर्थमा दोषी होइनन्, बरु उनीहरू राज्यको गलत नीतिका प्रत्यक्ष पीडित हुन् । राज्यले उनीहरूको ऊर्जाशील जीवनको उर्वर समयलाई विद्यालयको सेवामा पूर दोहन गऱ्यो । तर, जब उनीहरूलाई बुढ्यालीले छुन थाल्यो, तब राज्यले न्याय दिनुको सट्टा श्रम शोषण गरेर रित्तो हात लखेट्ने काम गरिरहेको छ ।

आफ्नो जीवनको ऊर्जा देशको शिक्षा क्षेत्रमा लगानी गर्ने नागरिकलाई यसरी रित्तो हात सडकमा पुऱ्याउनु अन्याय मात्र होइन, यो राज्यले आफ्न नागरिकमाथि गरेको नीतिगत अपराध हो । सामुदायिक विद्यालयमा कार्यरत राहत, करार, प्राविधिक धार, बालविकास लगायत १७ थरी शिक्षक तथा कर्मचारीहरू राज्यको अदूरदर्शी नीतिले सिर्जना गरेका हुन्, जसको उचित व्यवस्थापन गर्ने दायित्व पनि राज्यक हो । विशेष गरी बालविकास शिक्षक, लेखापाल र विद्यालय सहयोगीहरूले अत्यन्त न्यून तलबमा काम गरिरहेका छन्, जसले राज्यको श्रम शोषण नीतिलाई उजागर गर्दछ ।

मुख्य समस्या र तार्किक सवाल

समान कामको असमान मूल्य : संविधानले श्रमको हक र समानताको कुरा गर्छ । तर व्यवहारमा एउट काम गर्ने दुई कर्मचारीमध्ये एकजना सुरक्षित भविष्य बोकेर निक्लने र अर्को चाहिँ आषधोपचार गर्ने खर्च समेत नपाएर सडकमा पुग्ने स्थिति छ ।

पहिचान विहीन श्रम : बालबिकास शिक्षक, कार्यालय सहयोगी र लेखापाल जस्ता विद्यालय कर्मचारीहरू बिना विद्यालय चल्न सक्दन । उनीहरूले न्यून तलबमा जीवनको ऊर्जावान् समय विद्यालयम बिताए । तर राज्यले उनीहरूको यो योगदानलाई माटोमा मिलाउने काम गरेको छ ।

अमानवीय बिदाइ : दशकौंसम्म देशका कर्णधार जन्माउने गुरु र कर्मचारी उमेर ढल्केपछि रित्तो हात घर फर्कनु पर्दा उनीहरूको सामाजिक प्रतिष्ठा र आत्मसम्मानमा ठूलो ठेस पुगेको छ ।

सरकारले तत्काल गर्नुपर्ने सम्बोधन

सब अस्थायी प्रकृतिका विद्यालयकर्मीको समस्याको नीतिगत र न्यायोचित समाधान गर्नु राज्यको पन्छाउन नमिल्ने मुख्य दायित्व हो । यो संवेदनशील मानवीय र सामाजिक समस्यालाई सरकारले अब पनि नजरअन्दाज गर्न मिल्दन । सरकारले तत्काल देहायका कदमहरू चाल्न जरुरी छ । सब अस्थायी प्रकृतिका विद्यालयकर्मीको समस्याको नीतिगत र न्यायोचित समाधान गर्नु राज्यको पन्छाउन नमिल्ने मुख्य दायित्व हो । यो संवेदनशील मानवीय र सामाजिक समस्यालाई सरकारले अब पनि नजरअन्दाज गर्न मिल्दन ।

मन्त्रिपरिषद्का निर्णय र सम्झाताको अक्षरस कार्यान्वयन : विगतमा गरिएका सम्झाता र पछिल्लो मन्त्रिपरिषद्को ना बुँदे निर्णयलाई तत्काल कार्यान्वयनमा ल्याई पीडित शिक्षक-कर्मचारीलाई न्याय दिनुपर्छ ।

एकमुष्ट राहत वा गोल्डेन ह्यान्डसेकः लामो समय सेवा गरेर उमेर हदका कारण अवकाश पाएका र पाउने अस्थायी शिक्षक र कर्मचारीका लागि सम्मानजनक एकमुष्ट आर्थिक प्याकेज (गोल्डेन ह्यान्डसेक) को व्यवस्था तत्काल गरिनुपर्छ । उपदान र पेन्सनको न्यायोचित व्यवस्थास् सेवा अवधिको गणना गरेर निश्चित मापदण्डका आधारमा उनीहरूलाई पनि उपदान वा पेन्सनको दायरामा ल्याइनुपर्छ ।

आषधोपचार र सामाजिक सुरक्षा : बुढ्याली उमेरमा लाग्ने रोगव्याधिको उपचारका लागि स्वास्थ्य बीमा र आजीवन निस्शुल्क आषधोपचारको ग्यारेन्टी राज्यले लिनुपर्छ ।

निष्कर्ष

शिक्षा क्षेत्रमा वर्षौंसम्म समर्पित श्रमको यसरी निर्मम अवमूल्यन हुनु लोकतान्त्रिक र समाजवाद उन्मुख राज्यका लागि लज्जास्पद विषय हो । गुरुको आँसु र कर्मचारीको चित्कारले देशको शिक्षा प्रणाली कहिल्य उँभो लाग्न सक्दन । तसर्थ, राज्यले आफ्नो दायित्वबाट पछि नहटी तत्काल कानुनी र व्यावहारिक बाटो पहिचान गरी यी आदरणीय अस्थायी शिक्षक र विद्यालय कर्मचारीको सुरक्षित, सम्मानजनक र नीतिगत व्यवस्थापन गर्नपर्छ ।

कमजोर...

तथा घरमै पुगेर पारिवारिक, आर्थिक र सामाजिक अवस्थाको अध्ययन गर्ने, विद्यालयबाट सिफारिस लिने तथा त्यसपछि निजी क्षेत्रसँग समन्वय गरी सहयोग जुटाउने प्रक्रिया अपनाइएको स्याक नेपालका हरिभक्त कोइरालाले जानकारी दिए ।

उनका अनुसार यस वर्ष सहयोग प्राप्त गर्ने विद्यार्थीमध्ये गणेश तामाङ (कक्षा ९) लाई नमस्ते नेपाल होटलमार्फत १२ हजार रुपैयाँ छात्रवृत्तिवापत प्रदान गरिएको छ । यस्तै, हिमाल कार्की (कक्षा ९) लाई प्रभात स्टेशनरीबाट दुई वर्षका लागि आवश्यक स्टेशनरी सामग्री, विपिन सुनार (कक्षा १०) लाई जागृति मोबाइल सेन्टरमार्फत १२ हजार रुपैयाँ तथा सुनिल न्यौपानेलाई मुना डिजाइनमार्फत १२ हजार रुपैयाँ छात्रवृत्तिवापत प्रदान गरिएको छ ।

त्यस्तै, सनिमा बैंकले दुई जना विद्यार्थीलाई कक्षा ११ र १२ सम्मको सम्पूर्ण शैक्षिक खर्च व्यहोर्ने प्रतिबद्धता जनाएको छ ।

कार्यक्रममा सहभागीहरूले आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुने जोखिममा रहेका विद्यार्थीलाई निजी क्षेत्रको यस्तो सहयोगले विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए ।

साथै आगामी दिनमा यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई थप विस्तार गर्नुपर्नेमा जोड दिइएको थियो ।

पाँच...

माछाको भुरा नर्सरी तथा दैलेख, मुगु र सुर्खेतमा मत्स्यपालन प्रवर्द्धनका लागि चार करोड ५६ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

'एक स्थानीय तह, एक कृषि पाठशाला' कार्यक्रममार्फत प्राङ्गारिक कृषि सम्बन्धी जनचेतना अभिवृद्धी, सिक्दै कमाउँदै कार्यक्रम, प्राकृतिक कृषिका नमूना फर्म तथा प्रदर्शनी प्लट स्थापना, जैविक मल तथा विषादीमा सहुलियत र भर्मीकम्पोस्टको प्रयोग विस्तार गर्न सात करोड १४ लाख ४९ हजार रुपैयाँ बजेट छुट्याइएको छ ।

'स्वस्थ माटो, दिगो उत्पादन' अवधारणाअनुसार प्रदेशभर माटो परीक्षण सेवाको पहुँच विस्तार गरिने भएको छ । माटो परीक्षण शिविर सञ्चालन गरी कृषकलाई माटो स्वास्थ्य कार्ड वितरण गर्ने कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको कृषि मन्त्रालयले जनाएको छ ।

कृषि प्रणालीलाई समावेशी, लाभदायी तथा वातावरणमैत्री बनाउँदै दिगो खाद्य प्रणालीमा रूपान्तरण गर्न खाद्य तथा पोषण प्रणाली रूपान्तरण तथा सुदृढीकरण कार्यक्रम अन्तर्गत सात करोड रुपैयाँ विनियोजन गरिएको छ । यसैगरी, सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी अवशेष परीक्षण सेवा सञ्चालन, प्रयोगशाला सुदृढीकरण तथा द्रुत विश्लेषण सेवाका लागि समेत आवश्यक बजेट व्यवस्था गरिएको प्रदेश सरकारले जनाएको छ ।

विपद्...

४, लुम्बिनीमा ७, कर्णालीमा २ र सुदूरपश्चिम प्रदेशमा ८ वटा वेश रहेका छन् ।

यसैगरी, धनकुटाको मूलघाट, सुनसरीको चतरा, बाराको निजगढ, सप्तरीको भारदह, धादिङको आदमघाट, सिन्धुलीको खुर्कोट, म्याग्दीको नारच्याङ र कैलालीको डुडेझारीसहित १६ वटा अति जोखिमयुक्त स्थानहरूमा जनशक्ति र स्रोतसाधनसहितका विपद् व्यवस्थापन वेशहरू तयारी अवस्थामा राखिएको महानिरीक्षक पौडेलले बताए ।

विशिष्टिकृत उद्धार टोली र उपकरणको व्यवस्था

उद्धार कार्यलाई थप प्रभावकारी बनाउन १ सय ३४ जना गोताखोरसहितको टोलीलाई आवश्यक उपकरणसहित देशभरका ११ जोखिमयुक्त स्थानमा खटाइएको छ । सशस्त्र प्रहरीसँग हाल ८२ वटा च्याफ्टिङ बोट र ५३ वटा मोटर बोट तयारी अवस्थामा रहेको उनले जानकारी दिए । विशिष्टिकृत तालिम प्राप्त ४ हजार ७ सय १० जना दक्ष कर्मचारीहरू उद्धार सामग्रीसहित तयारी हालतमा रहेका छन् ।

स्वास्थ्य सेवाका लागि ८ वटा 'मास क्यासुअल्टी भेइकल' र ८ वटा 'ए' क्लास एम्बुलेन्सहरू विभिन्न बाहिनी तथा अस्पतालहरूमा व्यवस्था गरिएको छ । साथै, १० वटा 'इमिडिएट रेस्पोन्स टिम' र १३ वटा हेभी इक्विपमेन्टहरू (डोजर, लोडर आदि) विभिन्न प्रदेशमा तैनाथ गरिएका छन् ।

प्रविधि र सूचना प्रणालीको प्रयोग

विपद्को सूचना तत्काल प्राप्त गर्न सशस्त्र प्रहरीले 'एपीएफ कम्युनिटी अलर्ट सिस्टम' मोबाइल एप सञ्चालनमा ल्याएको छ । यस प्रणालीमार्फत समुदायबाट प्राप्त सूचना बाहिनी तहको अपरेसनल रुममा तत्काल पुग्ने र उद्धार टोली परिचालन हुने व्यवस्था मिलाइएको महानिरीक्षक पौडेलले बताए ।

जल तथा मौसम विज्ञान विभागबाट प्राप्त हुने 'रियल टाइम डाटा' लाई आधार मानी प्रतिकार्य योजनालाई थप सुदृढ बनाइएको पनि उनले जानकारी दिए ।

समुदाय परिचालन र जनचेतना

सशस्त्र प्रहरीले विपद् व्यवस्थापनमा जनसहभागिता बढाउन हालसम्म १ हजार ७ सय ४१ जना विपद् स्वयंसेवक तयार पारिसकेको छ । स्थानीय तहमा १ लाख ६८ हजार ९ सय ५६ जना 'विपद् सूचक' हरूको सञ्जाल निर्माण गरिएको छ, जसले घटनाको तत्काल जानकारी दिनेछन् ।

यसका अतिरिक्त, देशभरका विद्यालय र समुदायमा २ हजार ३ सयभन्दा बढी सचेतनामूलक कार्यक्रम र ३ सय ४३ वटा कृत्रिम अभ्यास सम्पन्न गरिएको पौडेलले बताए । विपद् व्यवस्थापनका यी सम्पूर्ण तयारीहरू सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षकको प्रत्यक्ष निर्देशन र योजना अनुरुप अघि बढाइएको सशस्त्र प्रहरी बलले जनाएको छ । सम्भावित जोखिमका क्षेत्रहरूको नक्शाङ्कन गरी मुख्य करिडोरहरूमा खोज तथा उद्धारको विशेष कार्ययोजना समेत कार्यान्वयनमा ल्याइएको छ ।

५७ परिवारलाई जस्तापाता वितरण



कार्यक्रमअन्तर्गत छनोट भएका ५७ घरधुरीलाई जस्तापाता हस्तान्तरण गरिएको

काँक्रेविहार संवाददाता

सल्यान, ११ असार

जिल्लाको सिद्धकुमाख गाउँपालिकाले सुरक्षित आवास सुनिश्चित गर्ने उद्देश्यसहित ५७ घरधुरीलाई जस्तापाता वितरण गरेको छ।

आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमअन्तर्गत खरको छाना भएका घरलाई क्रमशः विस्थापन गरी सुरक्षित, व्यवस्थित तथा विपद् प्रतिरोधी आवास निर्माण गर्ने लक्ष्यसहित गाउँपालिकाले उक्त कार्यक्रम सञ्चालन गरेको हो।

गाउँपालिकाका अनुसार ग्रामीण क्षेत्रमा अझै पनि खरको छाना भएका घरधुरीको संख्या उल्लेख्य रहेको छ। वर्षायाममा खरको छानाबाट पानी चुहिने, आगलागीको जोखिम बढ्ने तथा हावाहुरी लगायत प्राकृतिक विपद्का कारण जनधनको क्षति हुने सम्भावना उच्च रहने भएकाले जोखिममा रहेका परिवारलाई प्राथमिकताका आधारमा जस्तापाता उपलब्ध गराइएको हो।

कार्यक्रमअन्तर्गत छनोट भएका ५७ घरधुरीलाई जस्तापाता हस्तान्तरण गरिएको गाउँपालिकाले जनाएको छ। जस्तापाता वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष भरत गिरीले सुरक्षित आवास नागरिकको आधारभूत आवश्यकता भएको उल्लेख गर्दै गाउँपालिकाले यस विषयलाई विशेष प्राथमिकतामा राखेको बताए।

उनले ग्रामीण बस्तीमा रहेका खरको छाना भएका घरलाई क्रमशः सुरक्षित संरचनामा रूपान्तरण गर्ने अभियान सञ्चालन गरिएको जानकारी दिए।

विपद्को जोखिम न्यूनीकरण गर्दै नागरिकको जीवनस्तर सुधार गर्ने लक्ष्य अनुसार गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उनको भनाइ थियो।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष रामबहादुर बस्नेतले गाउँपालिकाले उपलब्ध गराएको सामग्रीको सही सदुपयोग गर्न लाभग्राहीलाई आग्रह गरे।

प्राप्त जस्तापातालाई निर्धारित उद्देश्यअनुसार प्रयोग गरी घरलाई सुरक्षित बनाउनेतर्फ सचेत हुनुपर्ने उनले बताए।

सुरक्षित आवाससम्बन्धी नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न नागरिकको सहयोग र जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण रहने उनको धारणा थियो।

गाउँपालिकाले आगामी वर्षहरूमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै जोखिमयुक्त आवासको पहिचान गरी आवश्यक सहयोग उपलब्ध गराउने जनाएको छ। यस पहलले ग्रामीण क्षेत्रमा सुरक्षित आवास निर्माण अभियानलाई थप गति दिने विश्वास गरिएको छ।

सरसफाई कार्ययोजनाबारे गोष्ठी



काँक्रेविहार संवाददाता

डोल्पा, ११ असार

जिल्लाको मुड्केचुला गाउँपालिकामा पूर्ण सरसफाइ तथा सुरक्षित सरसफाइ कार्ययोजना निर्माणसम्बन्धी समीक्षा कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त, सुरक्षित र स्वस्थ स्थानीय तहका रूपमा विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। सबैका लागि दिगो खानेपानी तथा सरसफाइ कार्यक्रम सहयोग इकाई, वीरेन्द्रनगर सुर्खेतको सहजीकरण तथा मुड्केचुला गाउँपालिका वास युनिटको आयोजनामा गाउँपालिकाको सभाहलमा गोष्ठी सञ्चालन गरिएको थियो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, वडा अध्यक्ष, विभिन्न शाखाका प्रमुख तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा पूर्ण सरसफाइ तथा सुरक्षित सरसफाइ कार्ययोजना निर्माणसँग सम्बन्धित विभिन्न विषयमा प्रशिक्षण तथा छलफल गरिएको थियो।

वास युनिटका शाखा प्रमुख शुकबिर रोकाय, स्वास्थ्य शाखा प्रमुख शम्भु मोरिक यादव र प्रशासन शाखाका दुर्गाप्रसाद रिजालले सहजीकरण गर्दै सरसफाइ व्यवस्थापनका विविध पक्षबारे जानकारी गराएका थिए।

प्रशिक्षणका क्रममा मानव मलमूत्रजन्य फोहोरको सुरक्षित व्यवस्थापन, स्वच्छ खानेपानीको प्रयोग, वातावरण संरक्षण, स्वस्थ जीवनशैली र गुणस्तरीय सरसफाइ अभ्यासका विषयमा विस्तृत जानकारी प्रदान गरिएको थियो। साथै, खुला दिसामुक्त अवस्थाबाट पूर्ण सरसफाइतर्फ उन्मुख हुन आवश्यक रणनीति, महिनावारी स्वच्छता व्यवस्थापन, शौचालयको उचित प्रयोग तथा फोहोर व्यवस्थापनका उपायबारे सहभागीहरूबीच अन्तरक्रिया गरिएको थियो।

वास युनिटका शाखा प्रमुख रोकायका अनुसार सरसफाइ केवल व्यक्तिगत स्वास्थ्यसँग मात्र नभई वातावरण संरक्षण र दिगो विकाससँग समेत प्रत्यक्ष रूपमा जोडिएको विषय हो।

त्यसैले स्थानीय तहको नीति, योजना र कार्यक्रममार्फत सुरक्षित सरसफाइका अभ्यासलाई संस्थागत गर्न आवश्यक रहेको उनले बताए।

कार्यक्रममा सहभागीहरूले गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त र सुरक्षित वातावरण भएको स्थानीय तहका रूपमा विकास गर्न सामूहिक प्रतिबद्धता व्यक्त गरेका थिए।

गोष्ठीले आगामी दिनमा कार्ययोजना निर्माण तथा कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउन महत्वपूर्ण आधार तयार गरेको विश्वास व्यक्त गरिएको छ।

२० दिनमा ९ जनाको मृत्यु

काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, ११ असार

पछिल्ला २० दिनको अवधिमा विभिन्न दुर्घटना, आत्महत्या तथा अन्य घटनाका कारण नौ जनाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका अनुसार जेठ २० गतेदेखि असार आठ गतेसम्म जिल्लाका विभिन्न स्थानमा भएका घटनामा नौ जनाले ज्यान गुमाएका हुन् ।

प्रहरीका अनुसार असार आठ गते मात्रै तीन जनाको मृत्यु भएको छ। तीमध्ये एक जनाको करेन्ट लागेर मृत्यु भएको हो भने अन्य दुई जना विभिन्न स्थानमा मृत अवस्थामा फेला परेका थिए। घटनाको प्रकृति र कारणबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ। यस्तै, असार पाँच गते उपचारका क्रममा एक प्रहरी हवल्दारको मृत्यु भएको थियो। सोही दिन ट्र्याक्टरको ठक्करबाट १८ महिनाकी एक बालिकाले ज्यान गुमाएकी थिइन्।

बालिकाको मृत्यु भएपछि स्थानीयवासीले सडक सुरक्षामा थप ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन्। त्यसअघि जेठ २४ गते घरायसी काम गर्ने क्रममा गम्भीर घाइते भएका एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो। प्रहरीका अनुसार उक्त घटनाको विस्तृत विवरण संकलन गर्ने कार्य जारी रहेको



छ। यस अवधिमा आत्महत्याका घटनासमेत बढेका छन्। जेठ २३, २७ र २८ गते गरी तीन जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। आत्महत्याका घटनाले स्थानीय समुदायमा चिन्ता बढाएको छ भने मानसिक स्वास्थ्य सम्बन्धी सचेतना र परामर्श सेवाको आवश्यकता महसुस गरिएको छ।

प्रहरीले केही घटनाको प्रकृति शंकास्पद देखिएकाले आवश्यक अनुसन्धान अघि बढाइएको जनाएको छ। साथै, दुर्घटना न्यूनीकरण, आत्महत्या रोकथाम तथा जनचेतना अभिवृद्धिका लागि स्थानीय तह, समुदाय र सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेको प्रहरीको भनाइ छ।

पछिल्ला दिनमा भएका यी घटनाले जिल्लामा सुरक्षा, सावधानी र मानसिक स्वास्थ्यका विषयमा थप ध्यान दिनुपर्ने आवश्यकता देखाएको छ।

पालिकाले गरे साढे तीन अर्ब बजेट सार्वजनिक

काँक्रेविहार संवाददाता

जुम्ला, ११ असार

जुम्ला जिल्लाका आठवटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि वार्षिक नीति तथा कार्यक्रमसहित कुल तिन अर्ब ८२ करोड ५० लाख रुपैयाँभन्दा बढीको बजेट सार्वजनिक गरेका छन्।

जिल्लामा रहेको एक नगरपालिका र सात गाउँपालिकाले बुधबार एकैसाथ बजेट तथा नीति कार्यक्रम प्रस्तुत गरेका हुन्।

स्थानीय तहहरूले संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान, आन्तरिक आय तथा अन्य स्रोतलाई आधार बनाएर बजेट निर्माण गरेका छन्।

सार्वजनिक गरिएका नीति तथा कार्यक्रमहरूमा कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन, शिक्षा, स्वास्थ्य तथा आर्थिक समृद्धिलाई प्राथमिकतामा राखिएको छ।

जिल्लाका अधिकांश स्थानीय तहले समग्र बजेटको आकार मात्र सार्वजनिक गरेका भए पनि तातोपानी गाउँपालिकाले भने विषयगत क्षेत्र तथा वडागत आवश्यकताका आधारमा बजेट विनियोजन गरेको जनाएको छ।



गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार विकासलाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम ल्याइएको जानकारी दिए। उनका अनुसार स्थानीय स्रोत-साधनको संरक्षण र उपयोगमार्फत समृद्ध तातोपानी निर्माण गर्ने लक्ष्य लिइएको छ।

गाउँपालिका उपाध्यक्ष तथा बजेट तर्जुमा समिति संयोजक रेवती रावलले तातोपानी गाउँपालिकाको आगामी वर्षका लागि ५४ करोड २८ लाख आठ हजार रुपैयाँको बजेट प्रस्तुत गरे।

कुल बजेटमध्ये ६५.५७ प्रतिशत चालु खर्च र ३४.४३ प्रतिशत पूँजीगत खर्चतर्फ विनियोजन गरिएको छ। प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतका अनुसार नीति तथा कार्यक्रम सर्वसम्मत रूपमा पारित गरिएको छ। साथै आर्थिक ऐन, बाल संरक्षण मापदण्ड तथा बालमैत्री आचारसंहितालगायत विभिन्न कानुन पनि सभामा पेश गरिएको छ।

बजेटको आकार अनुसार चन्दननाथ नगरपालिकाले ५९ करोड ४६ लाख रुपैयाँ, तातोपानी गाउँपालिकाले ५४ करोड २८ लाख रुपैयाँ, तिला गाउँपालिकाले ५० करोड ५१ लाख रुपैयाँ, सिजा गाउँपालिकाले ४५ करोड ४८ लाख रुपैयाँ, पातारासी गाउँपालिकाले ४५ करोड ४६ लाख रुपैयाँ, कनकासुन्दरी गाउँपालिकाले ४५ करोड १२ लाख रुपैयाँ, हिमा गाउँपालिकाले ४३ करोड ७९ लाख रुपैयाँ तथा गुठीचौर गाउँपालिकाले ३८ करोड ३६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक

शुक्रवार, १२ असार, २०८३
Friday, 26 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

लागुऔषधविरुद्ध सचेतना कार्यक्रम



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ११ असार

अन्तर्राष्ट्रिय लागुऔषध दुरुपयोग तथा अवैध ओसार पसारविरुद्ध दिवस-२०२६ को अवसरमा सुर्खेतमा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

"लागुऔषधको चुनौती चिर्नौं : सामाजिक समाधानको बाटो खोजौं" भन्ने मूल नारासहित साउथ एसियन स्कलर्स एकेडेमीको सभाहलमा कार्यक्रम आयोजना गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतको आयोजनामा तथा प्याब्सन जिल्ला कार्यसमिति सुर्खेतको समन्वयमा सम्पन्न उक्त कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्की अध्यक्ष रहेका थिए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सुर्खेतका डीएसपी कविन्द्रसिंह बोहोरा, भरत खनाल, प्याब्सन सुर्खेतका अध्यक्ष छत्रबहादुर बडुवाल, यमराज गिरी, पूर्णबहादुर भण्डारी, विनुसी भास्कर लगायतका व्यक्तिहरूको आतिथ्यता रहेको थियो ।

कार्यक्रमको सञ्चालन प्याब्सन सुर्खेतका जिल्ला सचिव प्रकाश खत्रीले गरेका थिए भने स्वागत मन्तव्य यमराज गिरीले दिएका थिए ।

कार्यक्रममा साउथ एसियन स्कलर्स एकेडेमीका विद्यार्थीहरूको सहभागिता रहेको थियो । वक्ताहरूले लागुऔषध दुर्व्यसनका कारण, त्यसका सामाजिक तथा पारिवारिक असर, जोखिम तथा नियन्त्रणका उपायबारे विस्तृत रूपमा चर्चा गरेका थिए ।

उनीहरूले लागुऔषधको समस्या न्यूनीकरणका लागि परिवार, विद्यालय, समुदाय तथा सरकारी निकायबीचको समन्वय अपरिहार्य रहेकोमा जोड दिएका थिए ।

सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले लागुऔषधले व्यक्तिगत जीवन मात्र नभई समग्र समाजलाई नै प्रभावित गर्ने भएकाले यसविरुद्ध सामूहिक अभियान आवश्यक रहेको बताए ।

उनले सचेतना अभिवृद्धि, निगरानी तथा कानुनी कडाइलाई सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता औंलाए । त्यस्तै, डीएसपी कविन्द्रसिंह बोहोराले युवा पुस्ता लक्षित सचेतना कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

उनले विद्यालय स्तरमै यस्ता कार्यक्रम प्रभावकारी हुने उल्लेख गर्दै विद्यार्थीलाई सकारात्मक गतिविधिमा सहभागी गराउनुपर्ने बताए ।

कार्यक्रममा सहभागी वक्ताहरूले लागुऔषध दुर्व्यसन रोकथामका लागि परिवारको निगरानी, विद्यालयको शिक्षण भूमिका, समुदायको सहकार्य तथा सरोकारवाला निकायको सक्रियता अत्यावश्यक रहेको धारणा व्यक्त गरेका थिए । उक्त कार्यक्रमले विद्यार्थी तथा युवापुस्तामा लागुऔषधविरुद्ध सकारात्मक सन्देश प्रवाह गर्दै सचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको आयोजकले जनाएको छ ।

'प्रदेश सभामा उठेका विषयहरू सम्बोधन नहुने हो भने छलफलको कुनै औचित्य छैन'

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ११ असार

बजेटमाथिको सामान्य छलफलका क्रममा कर्णालीका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले सांसदले उठाएका प्रश्नको जवाफ दिएनन् ।

बरु उनले मन्त्रालयगत रूपमा मन्त्रीहरूले जवाफ दिने भन्दै टारिदिए । बिहीबारदेखि मन्त्रालयगत बजेटमाथिको छलफल गर्ने भन्दै प्रदेश सभा बैठक बस्यो ।

तर प्रमुख प्रतिपक्ष दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले अर्थमन्त्रीले सामान्य छलफलमै उठेका प्रश्नको गतिलो जवाफ नदिएको बतायो ।

पूर्वअर्थमन्त्री एवम् नेकपा सांसद विन्दमान विष्टले बजेटमाथिको छलफलको कुनै औचित्य नभएको बताए ।

'प्रदेश सभामा उठेका विषयहरू सम्बोधन नहुने हो भने छलफलको कुनै औचित्य छैन,' उनले सभामा भने, ' मन्त्रीहरूको जवाफ पुरानै ढर्राको हुने र सदस्यहरूले बोलेको कुराको कुनै प्रभाव नपर्ने हो भने समय खेर फाल्नु मात्र हुन्छ ।'

बजेटका सिद्धान्त, प्राथमिकता, नीति र कार्यक्रममा उठेका गम्भीर विषयहरूमा आर्थिक मामिला तथा योजना मन्त्रीले 'टु द प्वाइन्ट' जवाफ दिनुपर्ने माग उनले राखे । सरकारी दस्ताबेजहरू केवल 'सेतो कागजमा कालो अक्षर' मात्र हुनु नहुने, तिनको आधिकारिकता, पुस्ट्याइँ र वैधानिकता हुनुपर्ने विष्टले बताए ।

'सरकार सदनमार्फत जनताप्रति उत्तरदायी हुनुपर्नेमा उनले जोड दिए । 'छोरी बैंक खाता' कार्यक्रम बजेटमा नराखिएको विषयमा उनले प्रश्न उठाए । 'मुख्यमन्त्रीले सुरुमा बहस खुल्ला गर्नका लागि नीति तथा कार्यक्रममा नराखिएको भन्नुभयो,' उनले थपे, 'अहिले बहस भइसक्दा पनि बजेटमा समावेश नहुनुको कारण के हो ?' विष्ट बोल्नुभन्दा अघि दल नेता मंगलबहादुर शाहीले बजेटकै औचित्यमाथि प्रश्न उठाएका थिए ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,
- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/१२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री हिक्मत सिजापती** धनी रहेको, **दर्ता नम्बर** १२०६६/०८१/०८२ बाट **वीरेन्द्रनगर-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **दाजुभाइको एटुजेट कोरियन भाषा सेन्टर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/१२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री पार्वती कुमारी खड्का** धनी रहेको, **दर्ता नम्बर** १०७५१/०८०/०८१ बाट **वीरेन्द्रनगर-१३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **पार्वती कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)